# गण्डकी प्रदेशको
# वनलाई नियमन र व्यवस्थापन
# गर्न बनेको विधेयकको
# अध्ययन तथा राय प्रतिवेदन



# गण्डकी प्रदेशको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकको अध्ययन तथा राय प्रतिवेदन

**- पोखरा रिसर्च सेन्टर**

गण्डकी प्रदेशको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेश सभामा पेश भएपछि उक्त शिर्षकमा आवश्यक संशोधन र सुधार गर्नुपर्ने देखिएका सामुदायिक वन उपभोक्ता महासंघ, निजी तथा पारिवरीक वन महासंघ, वन पैदावर व्यवसायी महासंघ, जिल्ला समन्वय समिति, मध्यविन्दु साझेदारी वन उपभोक्ता समुह र मन्त्रालय अन्तर्गतका निकायका प्रतिनिधि समेतको सहभागितामा २०८०/५/१७ गते छलफल भए पश्चात प्रस्तावित वन विधेयक, संघीय वन ऐन, अरु प्रदेशका वन ऐन र छलफलबाट प्राप्त सुझावहरुलाई अध्ययन गरी परिमार्जित प्रस्तावित विधेयकमा सुधार गर्ने तथा समावेश गर्ने कुराहरुको राय तथा सुझाव सहित पोखरा रिसर्च सेन्टरले उक्त प्रतिवेदन तयार गरेको छ।

## विधि

- गण्डकी प्रदेशको प्रस्तावित वन विधेयकको अध्ययन
- संघीय वन ऐन २०७६ को अध्ययन
- सरोकारवालाहरुले दिएका सुझावहरु
- नेपालको अरु प्रदेशका वन ऐनहरुको अध्ययन
- प्रदेशमा वन क्षेत्रमा सेवा गर्दाको अनुभवलाई लिपिबद्धता गरिएको

माथि उल्लेखित विषयहरुबाट प्राप्त निचोडको आधारमा सुधार गर्नुपर्ने दफाहरु र प्रस्तावित विधेयकको दफाहरुमा सरोकारवालाहरुको सुझाव समेतलाई मनन गरी संशोधन गर्नुपर्ने दफा, उपदफा र खण्डहरु यस प्रतिवेदनमा समावेश गरिएको छ।

# गण्डकी प्रदेशको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकमा सरोकारवालाको छलफल तथा निष्कर्षबाट प्राप्त राय तथा सुझावहरु

| वन विधेयकका दफा | सरोकारवालाका सुझाव | प्रस्तावित सुझावहरु |
|---|---|---|
| दफा २ परिभाषामा थप गर्ने | | रेड फरेष्ट्री भन्नाले वनको विनाश र क्षयिकरणबाट हुने कार्वन उत्सर्जन घटाउने कार्यलाई सम्झनु पर्दछ ।<br><br>वन पैदावार आपुर्ति समिति भन्नाले संघीय वन ऐन अनुसार गठन भएको जिल्ला वन पैदावार आपूर्ति समितिलाई सम्झनु पर्छ । विशेष वन भन्नाले प्रदेश सरकारले वातावरण ऐतिहासिक, पुरातात्विक, दुर्लभ प्रजाति संरक्षण धेयले छुट्याएको राष्ट्रिय वन वा सो सँग जोडिएको वन क्षेत्रलाई जनाउँछ । |
| दफा १३ वन क्षेत्रभित्रको नदीजन्य पदार्थको व्यवस्थापन : | संघीय वन वन ऐन को दफा ४३ अनुसार मात्र गर्ने | संघीय वन, वन ऐन को दफा ४३ अनुसार र प्रदेश सरकारले प्राथमिकता तोकेका आयोजनमा सञ्चालन गर्दा उत्खनन गर्नुपर्ने भएमा तोकेको अवधि भित्र मात्र उत्खनन गर्न सकिने छ । |
| दफा २२ चक्ला वन व्यवस्थापन | व्यवस्थापन नगर्ने | तराई र भित्री मधेशका वन क्षेत्रममा संघीय सरकारको रणनीतिक योजनाले तोकेका क्षेत्रमा प्रदेश र स्थानिय सरकार र उपभोक्ताको सहकार्यमा व्यवस्थापन गर्दा वनको हैसियतमा सुधार हने र राजश्वमा समेत बृद्धि हुने |
| दफा २३ (१) वन संरक्षण क्षेत्रको व्यवस्थापन | वन संरक्षण क्षेत्र परिषद् गठन खण्ड (ग) बमोजिमका सदस्यहरु मध्येबाट निर्वाचित १ जना संयोजक राखिएको | खण्ड (ग) बमोजिमका सदस्यहरु मध्येबाट निर्वाचित १ जना संयोजक भन्दा निर्वाचित अक्ष्यक्ष राख्दा उपयुक्त हुने<br><br><u>स्पष्टिकरण</u>: अध्यक्ष राख्दा साझेदारी र विशेष वन भन्दा फरक पद नाम र २०६७ साल देखिनै अध्यक्ष निर्वाचित हुदै आएका । |

| वन विधेयकका दफा | सरोकारवालाका सुझाव | प्रस्तावित सुझावहरु |
|---|---|---|
| दफा २३(४) वन संरक्षण क्षेत्रको डिभिजन वन कार्यालय कार्यविधी बनाउनु पर्ने | | संघीय वन ऐनको दफा १५(१) को विशेष कार्ययोजनाको अधिनमा रहि कार्यविधि बनाइने छ भन्ने थप्नु |
| दफा २५ कोषको रकमहरु | वन संरक्षण क्षेत्रको कोष मनोरञ्जन तथा प्रवेश शुल्कहरु छुट भएको | दफा २५ (२) को खण्ड (ग) पछि (घ) थप्ने र (घ) लाई (ङ) बनाउने र (घ) मा प्रयापर्यटन, छायाँङ्कन मनोरञ्जन शुल्क बाट प्राप्त हुने रकम भनि थप गर्ने । |
| दफा २७ विशेष वनक्षेत्र | नराख्दा राम्रो हुने | वन संरक्षण क्षेत्र जैविक विविधता संरक्षण र पर्यापर्यटन संग सम्बन्धित हुने र विशेष वनक्षेत्र कुनै विषयमा आधारित भई संरक्षण र सदुपयोगमा आधारित हुनाले विधेयकमा राखेको प्रावधानले वनक्षेत्रवाट हुने आयमा बढ्ने हुन्छ ।<br><br>यसलाई सरकारी वन र निजी वनको सहआयोजनामा गर्दा विशेष खेलहरु, रिसोर्ट सञ्चालन गरी राजश्व, रोजगारी बढाउन सकिन्छ, हालसम्म यस्ता क्षेत्रहरु अतिक्रमण भैरहेका छन र सरकारलाई आम्दानी नभएको अवस्था छ ।<br><br>यस्ता वनक्षेत्रहरुको अध्ययन डिभिजन वन कार्यालयले गर्ने र खुला प्रतिस्पर्धामा कवुलियतीमा दिन सकिन्छ । |
| दफा३१(८) उपभोक्ता समितीको कार्य अवधि सम्बन्धी | कति वर्ष राख्दा राम्रो हुने बारेमा विविधता राय | उपभोक्ता समूहको कार्यसमितीको पदावधी कम्तीमा ३ वर्ष र बढीमा ५ वर्षको राख्दा कार्ययोजनालाई समेट्न सक्ने |
| दफा ३२ (२) सामुदायीयक वनको कार्ययोजनाको अवधी | सरोकारवालाहरुबाट फरक फरक राय आएको | सुरुको हस्तान्तरण गर्दा अवधि ५ वर्ष र त्यसपछि नविकरण गर्दा वनमा भएका प्रजाती हेरेर १० सम्म राख्दा वन व्यवस्थापन सहज हुने |

| वन विधेयकका दफा | सरोकारवालाका सुझाव | प्रस्तावित सुझावहरु |
|---|---|---|
| दफा ३२ (४) सामुदायिक वनको अवधारण बनाउनु पर्ने | बनाउनु नपर्ने भनि माग भएको | सामुदायिक वनको अवधारणाको सट्टा सामुदायिक वन बनाउनुको लक्ष्य, उदेश्य, सहित आवेदन दिनु पर्ने व्यवस्था राख्दा उपयुक्त हुने । |
| दफा ३५ सामुदायिक वनको काठ दाउरा बिक्री वितरण सम्वन्धी व्यवस्था (उपदफा ४) | काठदाउरा बिक्री वितरणबाट प्राप्त रकम स्थानीय सरकार र प्रदेश सरकारलाई फरक फरक प्रतिशत राख्नु पर्ने भनी उल्लेख गरिएको | समूह भित्र बिक्रीबाट प्राप्त रकम १० प्रतिशत र समूह बाहिर बिक्री रकम २५ प्रतिशत रकम प्रदेश सञ्चित कोषामा जम्मा गर्नु पर्ने र उक्त रकम प्रचलित कानुन बमोजिम प्रदेश सरकार र सम्बन्धित सरकार बिच बाँडफाँड हुनेछ । |
| दफा ४३ (५) साझदारी वन उपभोक्ता कोषको सञ्चालन | कोषको सञ्चालन उपभोक्ता समूहको अध्यक्ष र १ जना सदस्यले सञ्चालन गर्नु पर्ने भनी राय दिइएको | संघिय वन नियमावली अनुसार उपभोक्ता समूहको अध्यक्ष र डिभिजन वन अधिकृतिले तोको अधिकृत स्तरको कर्मचारीबाट सञ्चालन गरेमा सरकार र समूहको अधिकार रहने । |
| दफा ४५ साझेदारी वनको वन पैदावर उपभोग तथा बिक्री वितरण | सबै गुणस्तरको काठ दाउरा ७० प्रतिशत साझेदारी वन ३० प्रतिशत प्रदेश सरकारमा हुनु पर्ने । | संघीय वन नियमावली २०७९ बमोजिम सबै गुणस्तको आधारमा ५० प्रतिशत साझेदारी वन र ५० प्रतिशत प्रदेश सरकारको हुने गरि बाँडफाँड हुनु पर्ने । ग्रहकाष्ठ वन पैदावर भने सबै उपभोक्ता समूहको हुने । यस्तो प्रवाधानले समूह, स्थानी सरकार र प्रदेश सरकारको अपनत्व र राजश्व समेतमा बृद्धि हुने । |
| दफा ५५ (८) कार्यसमितीका पदाधिकारी प्रचलित कानुन बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्ति मानिने छ । | स्वयंसेवी पद हुनाले सार्वजनिक पद मान्न नहुने । | समुहको कोष परिचालन, खर्च समेत गर्ने जिम्मेवारी समितिका पदाधिकारीमा हुने हुँदा प्रचलित कानुन बमोजिम सार्वजनिक पद धारण गरेको मान्नु पर्ने । |
| दफा ६० (१) उपभोक्ता समुहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र तोकिए बमोजिमको ढाँचामा वनको स्थिती खुल्लाइएको वार्षिक प्रगति प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन डिभिजन वन कार्यलय, सम्बन्धित स्थानिय तह र वडा कार्यालयमा पेश गर्नु पर्ने छ । | डिभिजन वन कार्यालय र सम्बन्धीत वडा कार्यलयमा मात्र पेश गर्नु पर्ने | सम्बन्धीत डिभिजन वन कार्यलय र वडा कार्यलयमा पेश गरेमा प्रदेश सरकार स्थानीय तहको दुवैले प्राप्त गर्ने । |

| वन विधेयकका दफा | सरोकारवालाका सुझाव | प्रस्तावित सुझावहरु |
|---|---|---|
| दफा ७० बर्ड सेन्चुरी र जैविक मार्ग तोक्न सक्ने | उप दफा (३) परिमार्जन गर्ने | बर्ड सेन्चुरी र जैविक मार्गको संरक्षण र व्यवस्थापन समुदायमा आधारित वनमा पर्ने भएमा सम्बन्धित समुहको सहकार्यमा र सरकारी वन क्षेत्रमा पर्ने भएमा डिभिजन वन कार्यलयले तोकिए वमोजिम गर्ने छ । उप दफा (४) थप गरि त्यस्ता बर्ड सेन्चुरी र जैविक मार्ग अन्य संस्था मार्फत सञ्चालन गर्नु पर्दा खुल्ला प्रतिस्पर्धाद्वारा तोकिए बमोजिम हुने छ । |
| दफा ८४ (१) जिल्ला वन पैदावार अपूर्तिको व्यवस्था | उपभोक्ता समुहको प्रतिनिधित्व हुनु पर्ने | खण्ड (ङ ) जिल्ला स्थित समाजसेवी तथा वन मा आधारित उपभोक्ता समूहको प्रतिनिधिहरु मध्येबाट एक जना महिला सहितको २ जना सदस्य रहने भनि सच्याउने । |
| दफा ८६ वन पैदावरको मूल्यमा सहुलियत प्रदान गर्न सक्ने । | छैन | स्थानिय जनताबाट चन्दा दान संकलन गरि ऐतिहासिक पुरातात्विक तथा धार्मिक महत्वका संरचना मर्मत वा पुन: निर्माण गर्दा वन पैदावर सहुलियत मुल्यमा प्रदान गर्न सकिने छ। तर त्यस्ता योजनाहरु कार्यक्रम बजेट वा विदेशी अनुदानबाट मर्मत वा पुन:निर्माण भएमा प्रचलित राजश्व मुल्य नघट्ने गरि प्रदान गर्न सकिने छ। |
| दफा ९४ वन बिऊ बगैंचा घोषणा गर्न सक्ने | छैन | वन बिऊ बगैंचा घोषणा गर्ने र पुराना वन बिऊ बगैंचाको संरक्षण र व्यवस्थापन गर्ने। पुराना वन बिऊ बगैंचाको लगत लिई नयाँ  वन बिऊ बगैंचा सरहको व्यवस्था समेत डिभिजन वन कार्यलयले गर्ने छ। |
| दफा १०८ राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुखहरु र काठ दाउराको व्यवस्थापन<br>(१) नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृत भएका आयोजनाको कार्यान्वयनमा हटाउनु पर्ने रुख हटाउँदा अरु रुखहरुमा पनि हटाउनु पर्दा क्षतिपूर्ति सम्बन्धित आयोजनाले बुझाउनु पर्ने । | सम्बन्धित वन समुहले पनि क्षतिपूर्ति पाउनु पर्ने | दफा १०८ (१) बमोजिम प्राप्त क्षतिपूर्ति रकम प्रदेश सञ्चित कोषमा जम्मा भई सकेपछि त्यसरी क्षतिपूर्ति हुने वन क्षेत्र समुदायमा अधारित वन क्षेत्रमा परेमा मुल्याङ्कनको आधारमा क्षतिपूर्तिको ५० प्रतिशत रकम प्रदेश सरकारले तोके बमोजिम सम्बन्धित वन समूहलाई उपलब्ध गराउन सक्नेछ। |

**निष्कर्ष :**

गण्डकी प्रदेशको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक पहिलो पटक प्रदेश सभामा छलफलको लागि पेश गर्नु पर्दा प्रदेश भित्रको वन क्षेत्रको वर्तमान अवस्था, वन व्यवस्थापनको तरिका तथा वन सम्बर्द्धन प्रणाली अन्तरगतको तरिका, नविकरण हुन नसकेका वन कार्ययोजनाहरु, २०७८ सालमा परामर्श दाताबाट तयार गरेको वनको रणनीति योजना, वन समूहहरुलाई वार्षिक रुपमा वन पदैवारको बिक्रीबाट प्राप्त हुने सालाखाला ३०-४० करोडको राजश्व बढ्न नसक्नु, अधिकांश वन समूहहरु निष्क्रिय हुदै जानु, वन क्षेत्रसँग जोडिएका प्रति ऐलानी र बुट्यान पनि अतिक्रमण हुँदै जानु, वन बाली जस्तै पनि भएकोले सक्रिय व्यवस्थापन नहुँदा आम्दानी गर्ने र वन उद्यम पनि बाह्य कच्चा पदार्थमा निर्भर रहनुपर्ने हुनाले प्रदेशको आर्थिक उपलब्धी हुन सकेको पाइदैन।

तसर्थ प्रस्तावित सुझाबहरु सहित वन विधेयक स्वीकृत भई लागु भएमा वनको हैसियतमा सुधार आउने, काठ दाउरा जन्य पैदावारको उत्पादन बढि राजस्व बढ्ने, रोजगारी बृद्धि हुने, आयात हुने काठ दाउरा प्रतिस्थापन हुने देखिन्छ।

अध्ययनमा औल्याइएका दफा, उपदफाहरुमा संशोधन गरि स्वीकृत भएमा वनबाट प्राप्त हुने अन्य सेवाहरु पनि बढ्ने देखिन्छ।